# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) वीरेन्द्रनगर, सुर्खेत, फागुन १६ गते, २०८० साल (संख्या १६

## भाग-२

### प्रदेश लोक सेवा आयोग
### कर्णाली प्रदेशको
### सूचना

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ बमोजिम प्रदेश लोक सेवा आयोगको मिति २०८०।११।१० को निर्णयबाट स्वीकृत तल लेखिए बमोजिमको प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) नियमावली, २०८० सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**<u>प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) नियमावली, २०८०</u>**

प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ८६ ले दिएको अधिकार प्रयोग गरी प्रदेश लोक सेवा आयोगले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "प्रदेश लोक सेवा आयोग (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली प्रदेश राजपत्रमा प्रकाशित भएको मितिबाट प्रारम्भ हुनेछ।

२. **प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ को नियम ३ मा संशोधन**: प्रदेश लोक सेवा आयोग नियमावली, २०७८ (यसपछि **"मूल नियमावली"** भनिएको) को नियम ३ को उपनियम (१) मा रहेका **"अनुसूची-१"** भन्ने शब्दहरुको सट्टा **"अनुसूची-१ र अनुसूची-१क"** भन्ने शब्दहरु राखिएका छन्।

३. **मूल नियमावलीको नियम ८ मा संशोधन**: मूल नियमावलीको नियम ८ को सट्टा देहायको नियम ८ राखिएको छ।

"८. **दरखास्त फाराम बुझाउने**: (१) ऐनको दफा १९ तथा नियम ७ बमोजिम प्रदेश सेवाको पदमा पद पूर्तिको लागि प्रकाशित विज्ञापन बमोजिमको प्रतियोगितामा भाग लिन चाहने व्यक्तिले विद्युतीय माध्यमबाट दरखास्त फाराम भर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम दरखास्त फाराम भर्दा अनुसूची-१ख बमोजिमको परीक्षा दस्तुर बुझाउनु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम विद्युतीय माध्यमबाट दरखास्त फाराम प्राप्त हुन आएकोमा आयोगले आवश्यक ठानेमा दरखास्त फारामसाथ पेश भएका कागजातका सक्कलप्रति र अन्य कागजात समेत सम्बन्धित उम्मेदवारसँग माग गरी जाँच गर्न सक्नेछ ।

(४) लिखित परीक्षाबाट छनोट भएका उम्मेदवारले आयोगले तोके बमोजिम दरखास्त फाराम भरी आवश्यक कागजात सहित तोकिएको म्यादभित्र आयोगमा दरखास्त फाराम बुझाउनु पर्नेछ ।

(५) यस नियम बमोजिम उम्मेदवारले पेश गरेका कागजात रुजु गर्दा प्रकाशित विज्ञापनमा तोकिए बमोजिमका शर्तहरू पूरा भएको नदेखिएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम स्वीकृत गरिने छैन।"

४. **<u>मूल नियमावलीमा नियम १२क. थप</u>:** मूल नियमावलीको नियम १२ पछि देहायको नियम १२क. थपिएको छः-

"१२क. **<u>पुनर्योगः</u>** (१) लिखित परीक्षाको नतिजा उपर चित्त नबुझ्ने उम्मेदवारले ऐनको दफा ४० बमोजिम पुनर्योगका लागि निवेदन दिएमा अन्तर्वार्ता हुनुभन्दा अगाडि परीक्षा सञ्चालन हुनेमा त्यस्तो परीक्षाका लागि तोकिएको मितिभन्दा अगावै र अन्तर्वार्ता मात्र हुनेमा अन्तर्वार्ताका लागि तोकिएको मितिभन्दा अगावै पुनर्योग गरी सोको नतिजा प्रकाशन गर्नु पर्नेछ।"

**५. <u>मूल नियमावलीको नियम २१ मा संशोधन</u>:** मूल नियमावलीको नियम २१ को,-

**(१)** उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"**(२)** उपनियम (१) बमोजिमको विज्ञापनमा बढुवा गरिने पद, तह, सङ्ख्या, सेवा, समूह, उपसमूह, उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता, दरखास्त बुझाउने म्याद र स्थान लगायत सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनले तोकेका विवरणहरू तथा आयोगले निर्धारण गरेका अन्य विवरण समेत खुलाउनु पर्नेछ।"

**(२)** उपनियम (२) पछि देहायको उपनियम (२क) थपिएको छः-

आन्तरिक मामिला तथा कानून मन्त्रालय

"(२क) उपनियम (२) बमोजिम दरखास्त फाराम बुझाउने म्याद पहिलो पटक विज्ञापन प्रकाशन भएको मितिले पैंतिस दिन तोक्नु पर्नेछ।"

(३) उपनियम ५ को सट्टा देहायको उपनियम (५) राखिएको छः-

"(५) बढुवा सम्बन्धी दरखास्त फारामको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ र बढुवाको दरखास्त दस्तुर अनुसूची-१ख मा उल्लेख भए बमोजिम हुनेछ।"

**(४)** उपनियम (५) पछि देहायको उपनियम (६) र (७) थपिएका छन्:-

"(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १८ बमोजिम पद सङ्ख्या निर्धारण भई पदपूर्तिको लागि विज्ञापन प्रकाशन भएपछि अदालतको आदेश वा अन्य कुनै कारणले पदपूर्ति प्रक्रिया स्थगित भएकोमा सो फुकुवा वा सुचारु भएपछि कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा २९ को उपदफा (१) बमोजिम सेवा अवधि र शैक्षिक योग्यता पुगेको हुनुपर्नेछ।

"(७) उपनियम (२क) बमोजिम दरखास्त फाराम बुझाउने अन्तिम म्यादसम्मको भौगोलिक क्षेत्रमा काम गरे बापतको अनुभव, तालिम तथा सम्बन्धित व्यावसायिक परिषद्मा दर्ता वा अद्यावधिक वा नवीकरणलाई मात्र गणना गरिनेछ।

तर कार्यसम्पादन मूल्याङ्कनको हकमा विज्ञापन प्रकाशन भएकोभन्दा अघिल्लो आर्थिक वर्षसम्मको गणना गरिनेछ।"

आन्तरिक मामिला तथा कानून मन्त्रालय

६. **<u>मूल नियमावलीको नियम २२ मा संशोधन</u>**: मूल नियमावलीको नियम २२ को,-

**(१)** उपनियम (२) को सट्टा देहायको उपनियम (२) राखिएको छः-

"(२) उपनियम (१) बमोजिमको विज्ञापनमा बढुवा गरिने पद, श्रेणी वा तह, सङ्ख्या, सेवा, समूह, उपसमूह, उम्मेदवार हुन आवश्यक पर्ने सेवा अवधि, न्यूनतम शैक्षिक योग्यता, दरखास्त बुझाउने म्याद र स्थान लगायत बढुवाका लागि सम्भाव्य उम्मेदवार हुन आवश्यक पर्ने सम्बन्धित सेवा शर्त सम्बन्धी कानूनले तोकेका विवरणहरू तथा आयोगले निर्धारण गरेका अन्य विवरण समेत खुलाउनु पर्नेछ।"

**(२)** उपनियम (४) को सट्टा देहायको उपनियम (४) राखिएको छः-

"(४) बढुवा सम्बन्धी दरखास्त फारामको ढाँचा आयोगले निर्धारण गरे बमोजिम हुनेछ र बढुवाको दरखास्त दस्तुर अनुसूची-१ख मा उल्लेख भए बमोजिम हुनेछ।"

७. **<u>मूल नियमावलीको नियम २६ मा संशोधन</u>**: मूल नियमावलीको नियम २६ को उपनियम (१) मा रहेका नियम भन्ने शब्दको पछि रहेको "नियम २३" भन्ने शब्दहरुको सट्टा "नियम २५" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>मूल नियमावलीमा नियम ३३क. थप</u>**: मूल नियमावलीको नियम ३३ पछि देहायको नियम ३३क. थपिएको छः-

"**३३क. <u>कागजातको संरक्षण र धुल्याउने सम्बन्धी व्यवस्थाः</u>** (१) आयोगसँग सम्बन्धित कागजात सुरक्षित राख्नु पर्ने अवधि पूरा भएपछि आयोगले कागजातको मात्रा अनुसार जलाउन वा कुनै कागज कारखानामा कच्चा पदार्थको रूपमा प्रयोग

गर्ने सुनिश्चितता सहित बिक्री गरी धुल्याउन सक्नेछ।

(२) उपनियम (१) बमोजिम कागजात सुरक्षित राख्नु पर्ने अवधि र कागजात धुल्याउने सम्बन्धी अन्य व्यवस्था आयोगले बनाएको निर्देशिका बमोजिम हुनेछ।"

९. **<u>मूल नियमावलीको अनुसूची-१ मा संशोधनः</u>** मूल निमावलीको अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छः-

अनुसूची-१

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

**<u>रिक्त पदपूर्तिको लागि माग गर्दा भर्नु पर्ने फाराम</u>**

माग गर्ने कार्यालयको नाम र ठेगानाः- आ.व.

| क्र.सं. | माग भएको पद | पदको तह | सेवा/समूह/उपसमूह | आवश्यक न्यूनतम शैक्षिक योग्यता | | अघिल्लो दुई आ.व.मा माग भई पूर्ति हुन बाँकी पद सङ्ख्या | यस आ.व. को माग (नयाँ पद सिर्जना वा रिक्त भई माग गरिएको सङ्ख्या) | पद रिक्त भएको कारण | कुल माग पद सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | खुला | बढुवा | | | | | |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

द्रष्टव्यः-

अन्य आवश्यक कुराहरू भएमा उल्लेख गर्ने

**सचिव/प्रमुख प्रशासकीय अधिकृतको,-**

दस्तखत:

नाम थर:

पद:

मिति:

**१०. <u>मूल नियमावलीमा अनुसूची थप:</u>** मूल नियमावलीको अनुसूची-१ पछि देहायका अनुसूची-१क र अनुसूची-१ख थपिएका छन्:-

अनुसूची १क

(नियम ३ को उपनियम (१) सँग सम्बन्धित)

<u>पदपूर्तिको लागि माग पठाउँदा संलग्न गर्नु पर्ने विवरण</u>

..............................(मन्त्रालय/स्थानीय तह)

<u>स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण फाराम</u>

| क्र.स. | पद | सेवा, समूह, उपसमूह | तह | स्वीकृत कुल दरबन्दी संख्या | पदपूर्ति संख्या (स्थायी) | पदपूर्ति संख्या (करार वा अन्य) | कुल रिक्त सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**<u>सचिव/प्रमुख प्रशासकीय अधिकृतको,-</u>**

दस्तखतः

नाम थरः

पदः

मितिः

अनुसूची-१ख

(नियम ८, नियम २१ को उपनियम (५) र नियम २२ को उपनियम (४) सँग सम्बन्धित)

**<u>दस्तुर</u>**

१. <u>परीक्षा वा दरखास्त दस्तुरः</u>

| तह | एक विज्ञापन (खुलाको विज्ञापन) को लागि दस्तुर रू. | एक विज्ञापन (बढुवाको विज्ञापन) को लागि दस्तुर रू. | संयुक्त परीक्षामा थप प्रति समूह बापत लाग्ने दस्तुर रू. | समावेशी समूहमा उम्मेदवारी दिंदा थप प्रति समावेशी समूह बापत रू. |
|---|---|---|---|---|
| एघारौं | १,५००।- | १,८००।- | ६००।- | ६००।- |
| नवौं र दशौं तह | १,२००।- | १,५००।- | ५००।- | ५००।- |
| छैटौं/सातौं/आठौं तह | १,०००।- | १,२००।- | ४००।- | ४००।- |
| पाचौं तह | ५००।- | ५००।- | २००।- | २५०।- |
| चौंथो तह | ४००।- | ४००।- | १५०।- | २००।- |
| तह विहिन | ३००।- | | | १००।- |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

२. प्राप्ताङ्क पुनर्योगका लागि परीक्षा दस्तुरको आधा दस्तुर
३. परीक्षा केन्द्र परिवर्तनको लागि परीक्षा दस्तुरको आधा दस्तुर
४. प्रवेश पत्र दस्तुर बापत रू. १००।—
५. अग्रिम अन्तरवार्ता वा छुट अन्तरर्वाताका लागि दस्तुर बापत अधिकृतस्तर पदका लागि रू. ३,०००।— र सहायकस्तर पदका लागि रू. १,५००।-
६. बढुवा उजुरी दिँदा अधिकृतस्तर पदका लागि उजुरी दस्तुर बापत रू. ३,०००।— र सहायकस्तर पदका लागि रू. १,५००।—"

निर्णय भएको मितिः २०८०/११/१०

**आज्ञाले,**
लोक प्रसाद न्यौपाने
प्रदेश प्रदेश लोक सेवा आयोगको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**

आन्तरिक मामिला तथा कानून मन्त्रालय